AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# विद्यालयको शिक्षा

सजिलोसंग पढ्ने

## अष्ट्रेलियामा स्कूल




अष्ट्रेलियामा बालबालिकाहरू ५ देखि १७ बर्षको उमेरमा विद्यालय जानु पर्छ ।




तिनीहरू यसरी स्कूलमा जान्छन्:

- ६ वा ७ वर्षको सम्म प्राथमिक स्कूल




- कम्तीमा ४ वर्ष सम्म माध्यमिक विद्यालय




माध्यमिक विद्यालयलाई अष्ट्रेलियामा प्रायः हाई स्कूल भनिन्छ ।




प्रायः बालबालिकाहरू प्राथमिक स्कूल शुरू गर्नु अघि १ वर्षको लागि प्रिस्कूलमा जान्छन्।



बालबालिकाहरू उनीहरूको उमेरमा आधारित ग्रेड वा कक्षाको स्तरमा राख्छन्।



यो विभिन्न राज्य र प्रान्तहरूमा फरक हुन सक्छ।




अष्ट्रेलियामा मुख्य २ प्रकारका स्कूलहरू छन्:

- सरकारी स्कूलहरू




- निजी विद्यालयहरू

# सरकारी स्कूलहरू





धेरै बच्चाहरू सरकारी स्कूलमा जान्छन् ।

उनीहरूलाई राज्य स्कूल पनि भनिन्छ ।




यदि तपाईंको बच्चा सरकारी विद्यालयमा जान्छ भने तपाईंलाई विद्यालय शुल्क तिर्न आवश्यक छैन ।



तपाईंले निम्न सामाग्रीहरूको लागि भुक्तानी गर्न आवश्यक छ:

- किताबहरू



- बालबालिकाले कक्षामा प्रयोग गर्ने अन्य वस्तुहरू



- यूनिफर्म – उनीहरूले लगाउने पोशाक



- शिविर र यात्रा – बच्चाहरुले विद्यालयबाट बाहिर गर्ने क्रियाकलाप




यदि तपाईं यी सबै सामाग्रीहरूको लागि तिर्न सक्षम छैन भने तपाईं स्कूलका कार्यालयमा कसैसँग कुरागर्न सक्नुहुन्छ।

## निजी स्कूलहरू




निजी स्कुलहरु प्राय: यी संस्थाद्वारा संचालित गरिन्छ:



- धार्मिक समूहहरू – क्याथोलिक, एङ्ग्लिकन, लुथरन, प्रोटेसटेन्ट्, यहूदी वा मुस्लिम



- स्वतन्त्र समूहहरू




निजी विद्यालयहरूको शुल्क धेरै उच्च हुन सक्छ।

# विद्यालयमा भर्ना गर्ने तरिका




तपाईं आफ्नो बच्चाहरुलाई विद्यालयमा भर्ना गर्न तलका ब्यक्तिहरुबाट मद्दत प्राप्त गर्न सक्छन्:

- केसवर्करले



- प्रस्तावकले




तपाईंले देखाउन आवश्यक कागजातहरू:

- तपाईंको यात्राका कागजातहरू




- तपाईंको बालबालिकाको खोपको रेकर्ड – उनीहरू बिरामी हुन रोक्नको लागि डाक्टर वा नर्सबाट भएको उपचार





- तपाईंको बच्चाको पहिलेको पढाई वा शिक्षा देखाउँने रिपोर्टहरू वा प्रमाणपत्रहरू


# स्कूल जाने




विद्यालय वर्ष जनवरीको अन्तमा सुरु हुन्छ र डिसेम्बरमा अन्त्य हुन्छ।





प्रायः जसो विद्यालयहरूमा ४ सत्रहरू छन्।




विद्यालय सत्रहरू बीच विद्यालय छुट्टिहरू छन्।




सार्वजनिक बिदाहरूमा स्कूलहरू बन्द छन्।




प्रायः बच्चाहरू सोमबार देखि शुक्रबार सम्म दिनको ६ घण्टासम्म स्कूल जान्छन् ।




बच्चाहरू स्कूल जानैपर्छ यो कानून हो ।



यदि तपाईंको बच्चा स्कूलमा जादैन भने तपाईंले विद्यालयलाई कारण दिन आवश्यक छ ।




विद्यालयले तपाईंबाट तपाईंको बच्चा किन गयल भयो भन्ने कारण देखाउदै विद्यालयलाई नोट लेख्न अपेक्षा गर्दछ ।

## अष्ट्रेलियाका विद्यालयहरूमा बच्चाहरु



विभिन्न पृष्ठभूमिका केटाकेटीहरू विद्यालयमा एकसाथ मिल्छन्।




एक कक्षामा फरक:

- जातिहरू हुन सक्छ
- धर्म हुन सक्छ
- सामाजिक स्थिति भएकाहरू हुन सक्छ



धेरै स्कूलहरूले केटा र केटीहरूलाई एकै कक्षामा राख्छन्।



केही विद्यालयहरू:

- केटाहरूको लागि मात्र हुन्छ



- केटीहरूको लागि मात्र हुन्छ

## थप सहयोग चाहिने बालबालिकाहरू



यदि तपाईंको बच्चालाई अंग्रेजी सिक्न थप मद्दत चाहिन्छ भने तिनीहरू अतिरिक्त भाषा (English as an Additional Language - EAL) को अंग्रेजी कक्षामा जान सक्छन्।



EAL कक्षाहरू सामान्यतया तपाईंको बालबालिकाको विद्यालयमा राखिने छन्।





विशेष आवश्यकता भएका बच्चाहरुको अन्य बच्चाहरुको जतिकै समान अधिकार हुन्छ।

तपाईंको बच्चालाई विशेष आवश्यकता हुन सक्दछ यदि तिनीहरू:



- शारीरिक असक्षमता छ



- मानसिक अक्षमता छ



- सुन्न समस्या छ वा तिनीहरू बहिरा छन्



- दृष्टि समस्या छ वा तिनीहरू अन्धा हुन्



- पढ्न अक्षमता छ



- तिनीहरू व्यवहार गर्ने तरिकामा समस्या छ



विशेष आवश्यकता भएका बच्चाहरुलाई नियमित विद्यालयहरूमा कक्षाहरूमा समावेश गरिन्छ।



विशेष आवश्यकता भएका बच्चाहरुका लागि पनि स्कूलहरु छन्।

# स्कूल कस्तो हुन्छ



विद्यालयमा बच्चाहरूलाई विद्यार्थी भनिन्छ।



अष्ट्रेलियाको स्कूलका शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई यसो गर्न प्रोत्साहन दिन्छन्:

- सोच्न



- विश्लेषण गर्न – कुनै कुराहरू किन हुन्छ पत्ता लगाउन



शिक्षकहरूले विद्यार्थीहरूलाई खालि सम्झेर मात्र सिक्ने अपेक्षा गर्दैनन्।



विद्यार्थीहरूले कक्षामा भाग लिन्छन्:

- प्रश्न सोधेर



- चीजहरूको बारेमा कुरा गरेर



- विभिन्न सिकाउने कार्यहरू र गतिविधिहरू प्रयास गरेर




विद्यार्थीले धेरै अंग्रेजी नबोले पनि भाग लिन सक्दछन्।



विद्यार्थीहरूलाई विद्यालयका विभिन्न प्रकारका गतिविधिहरूमा भाग लिन उत्प्रेरित गरिन्छ:

- भाषा – पढाई र लेखन



- गणित – अंकहरूसँग खेल्दै



- खेलकुद



- संगीत



- भ्रमण र शिविर – विद्यार्थीहरूलाई थप सिकाउने अनुभव दिन विद्यालयबाट लगिने यात्राहरू



सबै विद्यालयहरूले अष्ट्रेलियाको पाठ्यक्रम चलाउँछन्।
www.australiancurriculum.edu.au

# अभिभावक र उनीहरूको बच्चाको विद्यालय



स्कूलहरूले आमाबाबु आफ्नो बच्चाको शिक्षाको भाग बनाउन चाहन्छन् ।



तपाईले गर्न सक्नु हुन्छः

- बैठकहरूमा जान र तपाईंको बच्चाको शिक्षकसँग कुराकानी गर्न




- तपाईंको बच्चाले उनीहरूको सबै विद्यालयको काम र गृहकार्य गरेको सुनिश्चित गर्न



- विद्यालयको कार्यक्रमहरूमा जान, जस्तै
    - संगीत र नाटकहरू
    - खेलकुदका दिनहरू



तपाईंले विद्यालयको प्रिन्सिपलसँग कुरा गर्न सक्नु हुन्छ:

- तपाईंको बच्चा र उनीहरूको सिकाई बारे
- विद्यालयमा कस्तो हुदैछ



प्रिन्सिपल स्कूलको प्रमुख हो।



शिक्षा तथा प्रशिक्षण विभाग (Department of Education and Training) को वेबसाईटमा अधिक जानकारी पाउन सक्नुहुन्छ। www.education.gov.au

## केटाकेटीको हेरबिचार र प्रारम्भिक अध्ययन



बाल हेरविचार र प्रारम्भिक शिक्षाले साना बच्चाहरूलाई यस्तो मौका दिन्छ:


- सुरक्षित स्थानमा सिक्न र विकास हुन



- अन्य बच्चाहरुसँग खेल्न र कुरा गर्न



- उनीहरूको आफ्नै र साथै अरू मानिसहरूको मनोदशा, आभास र भावनाहरू बुझ्न



यसले जागिर हुने आमाबाबुलाई काममा जाने मौका दिन्छ।



माईचाईल्ड (MyChild) वेबसाइटमा बाल हेरविचार र प्रारम्भिक शिक्षा सेवा बारे थप जानकारी पाउन सक्नुहुन्छ।
www.mychild.gov.au

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM